Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

# प्रेस बिज्ञप्ति

माछापुच्छे बैंक लिमिटेड संचालक समितिका अध्यक्ष तथा माननीय संबिधानसभा सभासद श्री सुर्य बहादुर के.सि.ले मिति २०६६ साल माघ २१ गते बिहिवारका दिन धौलागिरी अंचलको बाग्लुङ्ग बजार, बाग्लुङ्गमा आयोजित एक भव्य समारोहका बिच बैकले प्रयोग गर्ने Banking Software Globus को Switch On गरी बैकको आफ्नै बाग्लुङ्ग बजार स्थित नब निर्मित भवनबाट बैकको ३ वटा नयाँ शाखाहरु बाग्लुङ्ग शाखा , पेप्सीकोला शाखा तथा चापागाउँ शाखा तथा शाखाहरुमा जडित ATM समेतको बैंकीङ्ग कारोवार शुभारम्भ गर्नुभयो । Globus यस बैकले प्रयोग गरेको अत्याधुनिक Banking Software हो, जसको प्रयोगबाट बैकका ग्राहकले जुनसुकै स्थानबाट बैकिङ्ग कारोवार गर्ने सुबिधा प्राप्त गर्ने गर्दछन् ।

पोखराबाट २०५७ सालमा बैंकीङ्ग कारोवार शुरु गरेको यस बैकले नवउद्घाटीत समेत आफ्ना ३४ शाखा तथा ३९ ATM बाट आफ्ना ग्राहकहरुलाई सेवा पुर्‍याउन सक्षम भएको छ । बाग्लुङ्ग शाखाको आरम्भ देखिनै बैकले आफना ग्राहक महानुभावहरुको लागि ३६५ दिने बैंकिङ सेवा , सन्ध्याकालिन बैंकिङ सेवा, Any Branch Banking सुबिधा , ग्राहक महानुभावहरुको बहुमूल्य सम्पतिको शुरक्षाको लागि सेफ डिपोजिट लकर सुबिधा , २४ घण्टा नै रकम निकाल्न सकिने गरी 24 Hours ATM सुबिधा उपलब्ध गराएको छ । यस बैकको सबै शाखाहरुबाट ग्राहकहरुले टेलिफोनको मासिक बिलको भुक्तानी सेवा , मोवाईलको मासिक बिल भुक्तानी सेवा, ईन्टरनेट बैकिङ्ग सेवा, SMS ( Mobile ) Banking सेवा , ATM ( Debit ) Card , लगायतका सुबिधा पाउन सक्नेछन् । बाग्लुङ्गमा खोलिएको शाखा यस बैकको धौलागिरी अंचलमा खोलिएको तेस्रो शाखा हो यस अधि बैकले म्याग्दीको बेनी बजार र मुस्ताङ्गको जोमसोममा आफनो शाखा बिस्तार गरिसकेको छ ।

यस अधि यस बैकले पोखराको नयाँ बजार, बगर बजार, रामबजार, लेकसाईड, महेन्द्रपुल, लेखनाथ, दमौलि, बालिङ., दुलेगौडा, आँबुखैरेनी, ईलाम, धनकुटा, बिराटनगर, ईटहरी, भैरहवा, बुटवल , नारायणगढ, बिरगंज, काठमाण्डौंको पुतलिसडक, न्यूरोड, बालुवाटार, थापाथलि, बौद्ध, स्वयम्भू चोक , ललितपुरको ग्वार्को , बनेपा, भक्तपुरको कमलबिनायक चोक र नयाँ ठिमी, धादिङ्गको गजुरी बजार लगायतका स्थानमा आफनो शाखाहरु स्थापना गरी ग्राहक महानुभावहरुमा Full Fledged Banking सेवा प्रदान गरीरहेको छ । आगामी दिनमा देशका बिभिन्न भूभागमा बसोबास गर्ने ग्राहक महानुभावहरु समक्ष अत्याधुनिक बैंकिंग सेवा पुयाउन नेपालगंज, धनगढी ,महेन्द्रनगर (कंचनपुर), पाँचथरको फिदिम बजार ,झापाको बिर्तामोडमा यसै आर्थिक बर्ष भित्र थप शाखा बिस्तार गर्ने योजना रहेको छ

पोखराको नयाँ बजारमा रहेको बैकको प्रधान कार्यालय र हिमालपारीको जोमसोममा रहेको जोमसोम शाखा आफ्नै भवनबाट संचालित छ भने बैकको कर्पोरेट कार्यालय तथा लाजिम्पाट शाखा आफनै भवनमा संचालन गर्न काठमाण्डौंको लाजिम्पाटमा र दमौलि शाखा संचालनको लागि तनहुँको दमौलि बजारमा आफ्नै भवन निर्माण कार्य अन्तिम अबस्थामा पुगेको छ । बैकले भैरहवा तथा पोखराको महेन्द्रपुलमा आफ्नै जग्गा खरिद गरी भवन निर्माणको प्रारम्भिक कार्य शुरु गरिसकेकोछ ।

बैकले आाफ्नो ग्राहकहरुलाई २४ सै घन्टा निक्षेपको भूक्तानी लिन सक्ने सेवा प्रदान गर्न हालसम्म काठमाण्डौ , ललितपुर र भक्तपुरको १३ स्थानमा, पोखराको ६ स्थानमा , सुनसरीको इटहरी १ स्थानमा , बिरगंजको आदर्शनगर १ स्थानमा, तनहुँको दमौलि बजार र खैरेनीटारमा २, रुपन्देहीको बुटवल बजार र भैरहवामा २, नारायणगढमा १, ईलाम बजारमा १, बनेपामा १, कुरिनटार ( चितवन) मा १, जोमसोममा १ , बिराटनगरमा १, गजुरी बजारमा १, वालिङ्ग र बेनी बजारमा १ / १ गरी ३६ स्थानमा यस अधिनै आफ्नै

ATM संचालनमा ल्याईसकेको छ भने निकट भविष्यमा थप १० ATM जडान गर्ने लक्ष रहेकोछ । यस बैंकको ATM मा यस बैंकबाट जारी भएका ATM Card प्रयोग गरी कारोबार गर्दा ग्राहकले कुनै पनि शुल्क तिर्नु पर्दैन । यस बैंकको ATM मा SCT Card को अतिरिक्त अन्तर्राष्टिय मान्यता प्राप्त कार्डहरु Visa Card, Visa Electron र Visa Plus समेत प्रयोग गर्न सकिन्छ । बैंकले आफ्नो एटिमबाट ग्राहक महानुभावहरुमा छिटो, छरितो र भरपर्दो सेवा प्रदान गर्न आफ्नै Card Switch जडान कार्य सम्पन्न गरीसकेको छ भने बैंकले भारतमा समेत प्रयोग हुने आफ्नै Visa Card को परिक्षण कार्य अन्तिम चरणमा पुऱ्याएकोछ ।

बैंकले ग्राहकमहानुभावहरुको आवश्यक्ता तथा सुबिधालाई ध्यानमा राखि सोपान बचत खाता , साधारण बचत खाता, रोयाल बचत खाता , पेवा बचत खाता , यूवा बचत खाता, शेयरधनी बचत खाता, तलब ब्यबस्थापन खाता, उच्च शिक्षा निक्षेप खाता , सम्मान बचत खाता, तथा Mach 7 Saving Account जस्ता लोकप्रिय योजनाहरु मार्फत आफ्ना वचत परिचालनका सेवाहरु प्रदान गर्दै आईरहेको छ ।

रु. १ अरव ४७ करोड ९१ लाख चुक्ता पुंजी रहेको यस बैंकले २०६६ साल माघ २० गते सम्ममा निक्षेप संकलन रु १५ अरव ४२ करोड, , कर्जा सापट रु.१५ अरव ५१ करोड तथा लगानी रु. १ अरव ७७ करोड रहेको छ भने सो अबधिमा संचालन मुनाफा करीव २३ करोड ४५ लाख ( अपरिष्कृत ) रहेकोछ ।

मिति : २०६६/१० /२१ बिहिबार